प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३२० ॥ २०८१ पुष २६ गते शुक्रबार (10th Jan 2025 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

# ८४ दिनपछि धरौटीमा रिहा भए रवि लामिछाने



झापा(प्रस)। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने रिहा भएका छन् । जिल्ला अदालत कास्कीको आदेशपछि लामिछाने कास्की प्रहरीको हिरासतबाट मुक्त भएका हुन् । बिहीबार जिल्ला अदालत कास्कीका न्यायाधीश नीतिज राईको इजलासले सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दामा लामिछानेबाट ६५ लाख रुपैयाँ धरौटी लिएर छाड्न आदेश दिएको थियो । अदालतले तोकेको उक्त धरौटी बुझाएर लामिछाने बिहीवार साँझ रिहा भएको रास्वपा नेता सोविता गौतमले जानकारी दिइन् । गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका लामिछाने ८४ दिनको हिरासत बसाइपछि रिहा भएका हुन् ।

लामिछानेलाई अन्य जिल्ला अदालतमा दर्ता भएका मुद्दाको प्रक्रियाका लागि स्वयं उपस्थित हुने सर्तमा कास्की अदालतले रिहा गर्न आदेश दिएको हो । उनलाई पोखरास्थित गण्डकी अस्पतालमा स्वास्थ्य परीक्षण गराएर प्रहरीले परिवारको जिम्मा लगाएको हो । अदालतको आदेशसँगै लामिछानेले अब बाहिरै बसेर मुद्दाको पुर्पक्ष गर्न पाउनेछन् ।

न्यायाधीश राईको इजलासमा बिहीवार सरकारी वकिलहरूको जवाफी बहससँगै उक्त मुद्दामा थुनछेक बहस सकिएको थियो । बिहीवार उच्च सरकारी वकिल कार्यालयका उपन्यायाधिवक्ता गोविन्दराज गौली र जिल्ला सरकारी वकिल कार्यालयकी जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले जवाफी बहस गरेका थिए ।

न्यायाधीश राईको इजलासमा पुष १६ गतेदेखि उक्त मुद्दाका सात जना प्रतिवादीहरुको थुनछेक बहस हुँदै आएको थियो । प्रतिवादीहरुका तर्फबाट कानुनी व्यवसायीहरुको बहसपछि बुधवार सहकारीपीडितहरूका तर्फबाट कानून व्यवसायीहरूले बहस गरेका थिए । उक्त सहकारीको रकम अपचलन मुद्दामा लामिछानेसहित पूर्वडिआइजी छविलाल जोशी, लीला पछाईं, कृष्णबहादुर गुरुङ, रामबहादुर खनाललगायतमाथि थुनछेक बहस भएको हो ।

सहकारीको रकम अपचलनको आरोपमा लामिछानेसहित ४४ जनाविरुद्ध गएको ७ पुषमा जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा दायर गरेको थियो । लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा समेत मुद्दा छ ।सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा चलाएको छ । लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमा समेत मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ । लामिछानेसँगै खनाल, जोशी र पछाईंविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि मुद्दा चलिरहेको छ ।

कास्की प्रहरीले लामिछानेसहित ५१ जनाबाट डेढ अर्ब रूपैयाँ बिगो असुल्नुपर्ने र सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउनुपर्ने जिल्ला सरकारी वकिलको कार्यालय कास्कीलाई राय दिएको थियो ।

# कोशी प्रदेशकै लामो झोलुङ्गे पुलको उद्घाटन

• **लक्ष्मी उप्रेती**

बुद्धशान्ति । निर्धारित समयभन्दा झण्डै डेढ वर्षअघि निर्माण सम्पन्न झापाको बुद्धशान्ति गाउँपालिकाका वडा नम्बर ६ र ७ जोड्ने देशकै तेस्रो तथा कोशी प्रदेशकै लामो झोलुङ्गे पुल बिहीवार उद्घाटन भएको छ ।

बुद्धशान्ति गाउँपालिका वडा नम्वर ६ र ७ लाई जोड्ने ४ सय ७७ मिटर लामो डी आकृतिको रमिते गौंडा कोल्बुङ्गे गौडा झोलुङ्गे पुलको उद्घाटन गरिएको हो । २०८१ जेठ २४ गते ठेक्का सम्झौता गरी २०८३ जेठ २३ गतेभित्रमा निर्माण सम्पन्न गरिसक्ने म्याद रहेकोमा करिब ६ महिनामै पुल निर्माण सम्पन्न हो । ५ करोड ९८ लाख ८१ हजार ७६१ रुपैयाँमा थानी जगदम्बा जेभी काठमाण्डौले पुल निर्माणको ठेक्का पाएको थियो ।

प्रतिनिधि सभा सदस्य विश्वप्रकाश शर्माले पुल उद्घाटन गरेका हुन् । पुलको गत असार २४ गते शर्माले नै शिलान्यास गरेका थिए । उद्घाटनका अवसरमा सन्सपेन्सन बृज डिभिजन पुल्चोकका पूर्व प्रमुख इञ्जिनियर कुमार थापासहित जग्गादातादेखि निर्माण व्यवसायी र मजदुरहरुलाई सम्मानपत्र प्रदान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य शर्मा, विशिष्ट अतिथि कोशी प्रदेशका पूर्व मुख्यमन्त्री उद्धव थापा, कोशी प्रदेश सभा सदस्यद्वय सविना बजगाईं, निर्मला तावालगायतले अविर, माला र दोसल्लासहित सम्मानपत्र प्रदान गरेका थिए ।

मेची राजमार्गबाट ५ सय मिटर पूर्व टिमाई खोलामाथि बनेको झोलुङ्गे पुल सञ्चालनमा आएपछि बुद्धशान्ति गाउँपालिकाका २ वटा वडा जोड्नुका साथै इलाम र झापाका थुप्रै सर्वसाधारणलाई आवत-जावतमा सहज हुने वडाध्यक्ष बुद्धशान्ति वडा नम्बर ६ का वडाध्यक्ष शिवराज पौडेलले जानकारी दिए । झोलुङ्गे पुल सञ्चालनमा आएपछि आन्तरिक एवम् बाह्य पर्यटकको आकर्षण बढेको बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईले जानकारी दिए । 'यो पुल बुद्धशान्तिको पर्यटकीय स्थलको रुपमा एउटा आर्कषणको गन्तव्य बनेको छ'अध्यक्ष प्रसाईले भने,'अब यसको संरक्षण र प्रवर्द्धन गर्ने जिम्मा तपाई हामी सवैको हो । अनावश्यकरुपमा पुलको दुरुपयोग नगरौ, टिकटक बनाउने नाममा पुलमा हेलचेक्र्याई नगरौ ।'

झापाका विभिन्न स्थानसहित इलाम, पाँचथरलगायतका स्थानबाट घुम्नका लागि मानिसहरु आउन थालेको बताइएको छ । अहिले पुलबाट वारिपारी गर्ने, पुल चढ्ने , फोटो खिच्ने, टिकटक बनाउनेको संख्या बढ्न थालेको छ । बालबालिकादेखि ८० बर्षसम्मका सयौ मानिस पुलमा आउने गरेकाले स्थानीय पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नुको साथै जरेवर पार्क, धारागोला भ्युटावर र हरित पार्कसम्म मानिसहरु घुमफिर गरि फर्कने गरेको बुद्धशान्ति-७ का वडाध्यक्ष चन्द्रप्रसाद भण्डारीले बताए ।




पुल उद्घाटन कार्यक्रममा प्रमुख अतिथि शर्मा, विशिष्ट अतिथि कोशी प्रदेशका पूर्व मुख्यमन्त्री उद्धव थापा, कोशी प्रदेश सभा सदस्यद्वय सविना बजगाईं, निर्मला तावा, मेचीनगर नगरपालिका नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाई, रोङ गाउँपालिका इलामका अध्यक्ष मनिकुमार स्याङ्बो, सन्सपेन्सन बृज डिभिजन पुल्चोकका पूर्व प्रमुख इञ्जिनियर कुमार थापा, अग्रज सञ्चारकर्मी चन्द्र भण्डारीलगायतले बोलेका थिए । उद्घाटनका क्रममा बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईं, मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीलगायत विभिन्न पालिकाका प्रमुख, प्रतिनिधिलगायत सर्वसाधारणको सहभागिता रहेको थियो ।

# पूर्वप्रदेश सांसद गुरुङ पाँच लाख धरौटीमा रिहा



झापा(प्रस) । पोखराको सूर्यदर्शन सहकारीको रकम ठगी एवं अपचलनको आरोपमा पक्राउ परेकी एमालेकी नेतृ एवं गण्डकी प्रदेश सभाकी पूर्व सदस्य मीना गुरुङ पाँच लाख रुपैयाँ धरौटीमा छुटेकी छन्।

जिल्ला न्यायाधीश नीतिज राईको इजलासले धरौटीमा छाड्ने आदेश दिएको हो । धरौटी बुझाएर उनी बिहीवार नै छुटेकी छन्।

सूर्यदर्शन सहकारीको स्थापना कालमा तत्कालीन तदर्थ समितिको सदस्य र पछि सञ्चालक समितिको उपाध्यक्ष भई काम गरेकी गुरुङ ०७४ सालमा गण्डकी प्रदेश सभामा समानुपातिकबाट सांसद बनेकी थिइन् । ०७९ को निर्वाचनमा भने उनी कास्की २ ख बाट पराजित भएकी थिइन् । सोही मुद्दामा मीनाका बुबा तथा सहकारीका पूर्व सञ्चालक कृष्ण गुरुङ एक लाख रुपैयाँ धरौटीमा छुटेका छन् भने आरती गुरुङसँग पाँच लाख धरौटी माग भएको छ । उनीहरु तीनै जना धरौटी बुझाएर छुटेका छन्।

प्रहरीले सात जनालाई पक्राउ गरेर मुद्दा दायर गरेकोमा सबैलाई धरौटीमा छाड्ने आदेश भएको हो । पूर्वडिआइजी छविलाल जोशीलाई ८८ लाख, पूर्वगृहमन्त्री रवि लामिछानेलाई ६५ लाख, लिला पछाईलाई ३७ लाख तथा रामबहादुर खनालसँग १५ लाख रुपैयाँ बिगो कायम गरिएको छ ।

# पूर्व स्वकीय सचिव पोख्रेल पक्राउ



झापा(प्रस)।सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोख्रेलका पूर्वस्वकीय सचिव अनिलकुमार पोख्रेललाई प्रहरीले पक्राउ गरेको छ ।

ठगी आरोप लागेका उनलाई प्रहरीले विराटनगरबाटै पक्राउ गरेको हो । ठगी गरी आपराधिक लाभ लिएको मुद्दामा पक्राउ गर्न प्रहरीलाई मोरङ जिल्ला अदालतले अनुमति दिएको थियो ।

पोख्रेलले एमबीबीएसमा छोरीको नाम निकालिदिने भनी सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिका-५ बकधुवाका बौवालाल चौधरीसँग ३८ लाख ८० हजार रुपैयाँ लिएको जाहेरी परेको छ ।

# शिवसताक्षीमा समाज सुधार्दै लाहुरे

• **विनोद सापकोटा**

झापा ।उमेरमा लाहुरे जीवन बिताएर गाउँ फर्केका अधिकांश पूर्व फौजी कतै न कतै सामाजिक सेवामा जुटिरहेका भेटिन्छन् । कतिपय लाहुरे ठूलाठूला सहरमा बस्न रुचाउँछन् भने कतिपय आफ्नै पुख्र्यौली गाउँमा फर्कन्छन् । पुख्र्यौली घर छोडेर सहर पसेका लाहुरे अर्थात फौजी जीवनमा कमाएका पैसाले बनाएका घरमा बस्न रुचाउँछन् । उनीहरूको जीवन त्यही खुसी हुन्छ ।

झापाको शिवसताक्षीमा लाहुरेको बसोबास बाक्लै छ । खास गरेर दुधे, झिलझिले, धरमपुरलगायतका क्षेत्रमा लाहुरेको बसोबास छ । संयुक्त भूपू सैनिक संघ नेपालले दिएको जानकारी अनुसार ३ सय भूपू फौजीको शिवसताक्षीमा बसोबास छ । यहाँ बसोबास भएका भूपू लाहुरेहरु कुनै न कुनै काम र योजनामा तल्लीन हुन्छन् ।

यहाँका एकजना लाहुरेको कथा सामान्य मानिसको भन्दा नितान्त फरक छ । २०१७ सालमा तत्कालीन शिवगञ्ज गाविसमा बसाइँ झरेका नरबहादुर आङदेम्बेका छोरा अमरसिंह आङदम्बेको जीवनशैली अन्य लाहुरेको भन्दा फरक छ । उनी पाँचथरको नवमी डाँडाबाट बसाइँ सरि दुधे आएका थिए ।



उनी समकालीन, श्रेष्ठ र आफूभन्दा साना लाहुरेसँग भन्दा पनि स-साना बालबालिकासँग खेल्न र खेलाउन रुचाउँछ । शिवसताक्षी नगरपालिका वडा नम्बर ११ का नरबहादुर २०४४ सालमा भारतीय इलेभन गोर्खा राइफलमा प्रवेश गरेका थिए । ३२ बर्षे भारतीय सैनिक जीवनपछि उनी सुवेदार, मेजरसम्म भएर रिटायर्ड भए । अहिलेको रिटायर्ड लाइफ नितान्त समाजसेवामा छ । उनी शिवसताक्षीको संयुक्त भूपू सैनिक संघको मात्र होइन, झापाकै अध्यक्ष हुन् । यतिमात्र होइन, काशी प्रदेशका विभिन्न १३ वटा गैरसरकारी संस्थाका अध्यक्ष हुन् । उनले नेतृत्व गरेका हरेक संस्थाको छवि उनको जस्तै सङलो बनाएका छन् ।

सुवेदार मेजर आङदेम्बेको शिवसताक्षीको दुधेमा दुईवटा घर छ । महाभारामा एक बिघा जग्गा पनि छ । वर्षभरि खानकै लागि महाभारामा खेत किनेको उनले बताए । 'एक बिघा खेतीमा फलेको धानले आफूलाई वर्षभरि खान पुग्छ भनेरै खेत किने । अहिले आफैले खेती गरेर फलाएका अन्नले बजारको तयारी अन्नभन्दा स्वास्थ्यलाई पनि फाइदा दिइरहेको छ,' उनले भने ।


झापामा मात्र होइन, उनको पुख्र्यौली पाँचथरको फाल्गुनन्द, कुम्मायक र मिक्लाजुङ गाउँपालिकामा ८० / ८० रोपनी जग्गा छ । सदरमुकाम फिदिममा बडेमानको घर छ । पहाडका घर र खेतीले मात्रै पनि उनलाई वर्षैनि मनग्ये आम्दानी दिन्छ । आङदेम्वेले सहरिया जीवनलाई भन्दा पनि गाउँले जीवनलाई महत्व दिएका छन् । उनी भन्छन् 'स्वस्थ जीवनका लागि गाउँले जीवनशैली नै उत्तम हुने रहेछ ।' सहरमा रहनलाई म र मेरो परिवारलाई केहीले रोक्न सक्दैन थियो । तर, पिताजीले जहाँ ल्याउनु भयो, त्यो भूमि मलाई देवभूमिजस्तै लाग्न थाल्यो ।'

❖ बाँकी अन्तिम पृष्ठमा

**प्राणघातक स्तन क्यान्सरबाट बचौं**

**स्तन क्यान्सरका लक्षणहरू**

- **स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,**
- **स्तनको छालामा निको नहुने घाउ आउनु,**
- **स्तनको आकारमा परिवर्तन हुनु,**
- **स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,**
- **स्तनको मुन्टा भित्रतर्फ जानु,**
- **स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,**
- **स्तन दुख्नु वा सुन्निनु,**
- **यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं**




**झापा गाउँपालिकाको कार्यालय**

**टाँघनडुब्बा, झापा**

# हाम्रो नेपाल साकोसको अन्तिम माईन्यूट प्रमाणीकृत

बिर्तामोड(प्रस) । कोशी प्रदेश र झापा जिल्लाको पनि छैठौ ठूलो सहकारीको रुपमा रहेको हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. ले अन्तिम माईन्यूट प्रमाणीकरण सभा सम्पन्न गरेको छ ।

बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको हाम्रो नेपाल साकोसले गत पुष १६ गतेदेखि सात स्थानमा एकाईगत साधारण सभा सम्पन्न गरेर बिहीवार बिर्तामोडमा अन्तिम माईन्यूट प्रमाणीकरण सभा गरेको हो ।

कार्यक्रममा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीका अध्यक्ष भवानीप्रसाद (भानु) दङ्गालले सहकारी संस्कृतिको विकास हुन




नसक्दा अभियान कमजोर भएको बताए । जिल्ला सहकारी संघका सचिवसमेत रहेका उनले सदस्यहरूले सहकारी संस्कृति नबुझ्केको र राज्यले बुझ्काउन नसकेका कारण सहकारी अभियान कमजोर भएको धारणा राखे ।

'बचतकर्ताले बचत गर्ने र ऋणी सदस्यले ऋण लगेर समयमा नतिर्दा संस्था कमजोर हुने हो,' उनले भने, 'यो सस्कृतिको विकास नहुँदा सिङ्गो सहकारी अभियान कमजोर हुन पुग्यो ।' एउटा ब्यक्ति धेरै वटा सहकारी संस्थाको सदस्य बन्ने र एउटै व्यवसाय देखाएर सबै संस्थाबाट ऋण लिने प्रवृत्तिले शेयर सदस्य सहकारीको ग्राहक र सहकारी सञ्चालक मालिकको भएको जस्तो अवस्था सिर्जना भएको उनले बताए ।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकालले केही सहकारीको कमजोरीलाई लिएर आम सहकारीलाई हेर्ने दृष्टिकोण एउटै बनाउनु गलत भएको बताए । पछिल्लो समय सहकारी संस्थाहरूले सदस्यहरूको साह्रो गाह्रोमा साथ दिएको कुरालाई भन्दा हल्लाको पछाडि लागेर समग्र सहकारी संचालकहरु फटाहा हुन् भन्ने भाष्य सिर्जना गरिएकोप्रति उनले आपत्ति जनाए ।

कार्यक्रमका अर्का अतिथि जिल्ला बचत तथा ऋण सहकारी संस्था लिका उपाध्यक्ष विश्वेश्वरप्रसाद भट्टराईले सहकारी क्षेत्रसँग आबद्ध व्यक्तिहरुले मात्र सहकारीलाई बुझ्ने र विश्लेषण गर्न सक्ने बताए । उनले सदस्यहरूले सहकारीलाई नजिकबाट नियाल्नुपर्ने र ऋणीहरूले समयमा ऋण तिर्दा मात्र सहकारी अभियान सफल हुने बताए ।

वार्षिक प्रतिवेदन अनुसार आर्थिक बर्ष २०८०/८१ शेयर सदस्य ३७ हजार ९६७ जना रहेको संस्थाको शेयरपुँजी १८ करोड ४० लाख २९ हजार १०० रुपैयाँ रहेको छ । यसैगरी कोष हिसाव ७ करोड ७२ लाख ६५ हजार ११० रुपैयाँ ७० पैसा, बचत निक्षेप हिसाव १ अर्व ३५ करोड ९३ लाख २६ हजार ७१३ रुपैयाँ १४ पैसा, लगानीमा रहेको रकम एक अर्व ८९ करोड ९४ लाख ८४ हजार ७३७ रुपैयाँ ४६ पैसा रहेको छ ।

त्यसैगरी संस्थाले सामाजिक उत्तरदायित्वअन्तरगत सुत्केरी सुविधा, नवजात शिशु सुबिधा, पोषण तथा न्यानो कपडा, जन्मदिनको उपहार, वैवाहिक वर्षगाँठ उपहार, बचतकर्ता मृत्यु राहत सुबिधा, अग्रीम बचत सुबिधा, आजीवन पेन्सन बचत सुबिधा आदि उपलब्ध गराउँदै आएको छ ।

झापा, इलाम र मोरङ गरेर तीन जिल्लाका २२ पालिकाका ३१ सेवा केन्द्रमार्फत संस्थाले सदस्यहरुलाई सेवा प्रदान गर्दै आएको छ ।

सहभागीहरुलाई संस्थाका उपाध्यक्ष राजेन्द्र गौतमले स्वागत गरेको कार्यक्रम सञ्चालन संस्थाका सचिव विश्वेश्वरप्रसाद लामिछानेले गरेका थिए ।

## शिवसताक्षीमा...

फौजमा रहँदा कमाएको धनले जोडेको सम्पतिमा यतिबेला आङदेम्बे खुसी छन् । उनको खुसी चारैतिर फैलिरहेको छ । भएर पनि विपन्न र नहुनेका लागि मुठ्ठी नखोल्नेकालाई आङदेम्बे एउटा गतिलो उदाहरणको पात्र बनेका छन् ।

आङदेम्बेको पेन्सन मासिक ९१ हजार आउँछ । उनले भने,' मासिक थापेको पेन्सन घरकाजका लागि खर्च हुँदैन । ११ नम्बर वडाको दुधे बजार उत्तर दुधे खोलाको डिलका अति विपन्न वर्गका ११ वटा घरको खर्च उनको पेन्सनबाट हुने गरेको छ ।

ती घरका विद्यार्थीको पढाइ लेखाइ, बिजुली बत्ती, खानेपानीलगायतमा उनले महिनैपिच्छे खर्च व्यहोरिदिने गरेका छन् । 'यति खर्च आउँछ भनेर त ठ्याक्क भन्न सकिन्न,'उनले भने ' यहाँका ११ घरका नानीहरूको शैक्षिक खर्च, त्यो घरमा बलेको बिजुली र पिउने पानीमा जति खर्च आउँछ त्यो चै मैले व्यहोर्ने हो ।' गाउँमा ११ घरका २६ जना बालबालिका नजिकैका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्छन् ।

बालबालिका भनेपछि हुरुक्कै हुने आङदेम्बेका एक छोरी खुश्बु दन्त रोगकी विशेषज्ञ डाक्टर हुन् । छोरा लानाम भने इन्जिनियर हुन् । उनी बहराइनमा सरकारी सेवामा कार्यरत छन् ।

उनी परिश्रमी किसान पनि हुन् । उनले व्यावसायिक रूपमा बङ्गुरपालन गरेका छन् । फार्मबाट आम्दानी भएको पैसा पनि आङदेम्बेले गाउँका विपन्नको परिवारमा खर्च गर्ने गरेका छन् । टोलका घरमा चामललगायत तरकारी नभए आङदेम्बेले व्यहोरिदिने गरेका छन् ।

आङदेम्बेको बङ्गुरफार्ममा जाने सडकको स्थानीय गाउँले भेला गरेर बुधबार नामकरण गरे । करिब ५०० मिटर लामो उक्त सडकको नाम सिङ्गो गाउँलेले आङदेम्बे मार्ग भनेर नामकरण नै गरे । उनले सडकको नामकरण भएको एउटा बोर्ड पनि राखे र स्थानीय बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरेर खुसी मनाए ।

आङदेम्बे उक्त गाउँमा जाँदा सबै बालबालिकाले 'हेप्पी वर्थडे'भनेर जिस्काउँछन् । नजिस्काउन पनि कसरी । हरेक दिन बङ्गुर फार्मतिर जाँदा गाउँका बालबालिकाले चकलेट पाउँछन् । जन्मदिनका दिन चकलेट पाउने केटाकेटीले हरेक दिन चकलेट पाउनकै लागि उनलाई हेप्पी वर्थडे भनेर जिस्काउँछन् । चकलेट मात्र होइन , आङदेम्बे स्थानीय राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालय, ध्रुवतारा आवासीय मावि, क्याम्ब्रिज अङ्ग्रेजी बोर्डिङ स्कुल र फ्रेण्डसिप मन्टेस्वरीमा अध्ययन गर्ने बालबालिकामध्ये प्रत्येक विद्यालयबाट उत्कृष्ट बनेका आफ्नो टोलका बालबालिकालाई वर्षेनि छात्रवृत्ति प्रदान गर्ने बताए । यो टोलमा ११ वटा घरका २६ जना बालबालिका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्न जान्छन् ।

बालबालिकालाई खुसी बनाउन र विद्यालय जानका लागि प्रोत्साहन गर्न बेलाबेला उनले रमाइलो गराउने गरेका छन् । रमाइलो वनभोज गराउने, नृत्य,गायन, वक्तृत्व कलालगायतका विधामा टोलका बालबालिकाबीच प्रतिस्पर्धा गराएर पुरस्कार प्रदान गर्ने गरेका छन् । उनको यो स्वार्थरहितको समाजसेवाप्रति गाउँले औधी खुसी छन् । स्थानीय सीता दनुवार भन्छिन्, 'हाम्रो जिउँदो भगवान भनेकै अम्बरवहादुर आङदेम्बे हुन् । उहाँ विनाको दिन नुनरहितको तरकारी तुल्य हुन्छ ।'

दिनहुँ फार्ममा आउने आङदेम्बेलाई बालबालिकाले आ-आफ्नो साइनो लगाएर बोलाउँछन् । कसैले बुवा भन्छन् त कसैले अंकल भन्छन् । कतिपयले मामा भन्छन् भने कतिपयले सर भन्छन् । गाउँमा जो कोही नयाँ मान्छे पुगोस् आङदेम्बेले नमस्कार गरेर शिष्ट शव्दमा बोल्न सिकाउँछन् । कतिपयले उक्त गाउँलाई नमस्कार गाउँ पनि भन्छन् । सीताले भनिन् 'यहाँका नानीहरुको मुखैमा नमस्कार छ ।'

# हवाई फायर गरेर १२० केजी गाँजा बरामद

झापा(प्रस)। धनकुटाको साँगुरीगढी गाउँपालिका-९ चाँदी बजारबाट प्रहरीले बिहीवार बिहान १२० किलोग्राम गाँजासहित ६ जनालाई पक्राउ गरेको छ। चाँदी बजारबाट धरानतर्फ गाँजा ल्याउँदै गरेका व्यक्तिहरूले बिहान सवा ४ बजे चेकजाँचका क्रममा इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएका टोलीमाथि आक्रमणको प्रयास गरेपछि हवाई फायर गर्नु परेको प्रहरीले जनाएको छ । पाँच वटा मोटरसाइकलमा राखेर लैजाँदै गरेको अवस्थामा संलग्न ६ जना व्यक्तिलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी ओमप्रकाश खनालले जानकारी दिए । प्रहरीसँग जम्काभेट भएपछि प्रहरीमाथि आक्रमण प्रयास गरिएकाले हवाई फायर गरिएको उनले बताए । खनालका अनुसार प्रहरीले एक राउण्ड हवाई फायर गरेको थियो ।

प्रहरीका अनुसार गाँजासहित को ३८ प ३५२२ नम्बरको मोटरसाइकलसहित सहिदभूमि गाउँपालिका-१ गर्दुमका ३४ वर्षीय नकुल राई, प्र.१ ०२ ०५३ प ९९६३ नम्बरको मोटरसाइलकमा सवार २१ वर्षीय ओमप्रकाश राई, प्र १ ०२ ०५३ प ८६१७ नम्बरको मोटरसाइकलका चालक साँगुरीगढी-८ तातोपानीका ८ वर्षीय मंगलकुमार राई र मोटरसाइकल पछाडि बस्ने २९ वर्षीय बिसन राई पक्राउ परेका छन् ।

त्यस्तै, प्र १ ०२ प्र १ ०२ ०४३ प ९५९६ नम्बरको मोटरसाइकलमा सवार साँगुरीगढी-८ तातोपानीका ३६ वर्षीय थामबहादुर राई तथा सोही मोटरसाइकलको पछाडि बस्ने सुमन राईलाई समेत पक्राउ गरिएको डीएसपी खनालले बताए ।

संलग्न दुई जना व्यक्ति भने फरार रहेको इलाका प्रहरी कार्यालय भेडेटारका इन्चार्ज रमेश प्रधानले जानकारी दिए । उनीहरूले प्रयोग गरेको को १४ प ७७५० नम्बरको मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ । फरार व्यक्तिहरूको खोजी भइरहेको उनले बताए । गाँजा , ५ वटा मोटरसाइकलसहित पक्राउ परेका ६ जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय भेडेटारमा राखिएको छ ।

# सिम्रिक साकोसको श्रृंगार तालिम सम्पन्न




झापा(प्रस)। सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा मोरङको कानेपोखरीमा आयोजित पाँच दिने आधारभूत श्रृंगार तालिम सम्पन्न भएको छ ।

झापाको बिर्तामोड ४ मा मुख्य कार्यालय रहेको संस्थाको शिक्षा उपसमितिको आयोजनामा मोरङ जिल्लाअन्तर्गतका सेवाकेन्द्रहरुका शेयर सदस्यलाई लक्षित गरेर आयोजना गरिएको तालिम बिहीवार समापन गरिएको संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले जानकारी दिए ।

तालिम पुष २१ गतेदेखि सुरु भएको थियो । संस्थामा आबद्ध महिला शेयर सदस्यलाई आत्मनिर्भर बनाउँदै उद्यममा जोड्न तालिमको आयोजना गरिएकोले तालिममा सिकेको सिपलाई व्यवहारमा उतार्न कार्यकारी प्रमुख बस्नेतले आग्रह गरे ।

संस्थाका अध्यक्ष सुवास भट्टराईको अध्यक्षता तथा कानेपोखरी गाउँपालिका वडा नं ७ का वडाध्यक्ष मोहनप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा समापन कार्यक्रम भएको थियो ।

संस्थाका अध्यक्ष भट्टराईले सिकेको ज्ञानलाई सदुपयोग गर्न आग्रह गर्दै पुँजी अभावकै कारण व्यवसाय सञ्चालनमा समस्या भए संस्थाले आवश्यक कर्जासहितको सुविधा उपलब्ध गराउने बताए ।

तालिममा मोरङ जिल्ला सेवाकेन्द्रहरुबाट ३४ जना महिला शेयर सदस्यहरु सहभागी थिए । सहभागीहरुलाई जानुकादेवी प्रधान र सिर्जना ढुंगेलले प्रशिक्षण दिएका थिए । यसअघि पनि संस्थाले इलाम जिल्लाको नेपालटारमा इलाम जिल्लाअन्तर्गतका शेयर सदस्यहरुलाई श्रृंगार तालिम प्रदान गरेको थियो ।

त्यसैगरी संस्थाले खुदुनाबारीमा पनि केहि समयअघि कपुरधुप बात्ती निर्माण तालिम प्रदान गरेको थियो ।

झापा, मोरङ, इलाम र पाँचथर गरी ४ जिल्ला कार्यक्षेत्र रहेको सिम्रिक साकोसको ३ अर्ब २१ करोड माथिको वासलात छ भने ४६ वटा सेवाकेन्द्रहरु मार्फत शेयर सदस्यहरुलाई सुविधा दिइरहेको संस्थाले जनाएको छ ।


# हार्दिक बधाई तथा शुभकामना

यस निर्माण व्यवसायी संघ झापाको १६ औं साधारणसभा अन्तर्गत भएको निर्वाचनमा निर्वाचित हुनुहुने अध्यक्ष रमेश अधिकारी, प्रथम उपाध्यक्ष केदार गिरी , द्वितीय उपाध्यक्ष राजकुमार राई , तृतीय उपाध्यक्ष नयन बराल , महासचिव पुष्पराज निरौला , सचिव लोकेन्द्र श्रेष्ठ , कोषाध्यक्ष यज्ञनिधि भुर्तेल, सहकोषाध्यक्ष सुरेन्द्र धिमाल तथा सदस्यहरु कमला थाम्सुहाङ ,प्रवीण कट्वाल, मनोज उप्रेती, इन्जिनियर विवेक जवेगू , गंगाप्रसाद गौतम , दिनेश मैनाली , ज्ञानबहादुर तामाङ, इन्जिनियर डालिम खड्का , आशिष बान्तवा , उद्धव कुँवर र भरत भट्टराईलाई सफल कार्यकालको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।


अध्यक्ष
रमेश अधिकारी


उपाध्यक्ष
केदार गिरी


द्वितीय उपाध्यक्ष
राजकुमार राई


तृतीय उपाध्यक्ष
नयन बराल


महासचिव
पुष्पराज निरौला


सचिव
लोकेन्द्र श्रेष्ठ


कोषाध्यक्ष
यज्ञनिधि भुर्तेल

| गोपालबहादुर थापा | अर्जुन थापा | गोपालबहादुर थापा |
| --- | --- | --- |
| प्रबन्ध निर्देशक | प्रोप्राइटर | प्रोप्राइटर |
| मैनाचुली ह्युमपाइप उद्योग | न्यू हिमचुली कन्स्ट्रक्सन | जीवी निर्माण सेवा |


# गोलरक्षक मीनबहादुर बस्नेतलाई सम्मान



मेचीनगर(प्रस) । झापाको मेचीनगर –६ काँकरभिट्टामा प्रधान कार्यालय रहेको मेची मासु उत्पादक सहकारी संस्थाले खेलकुदको माध्यमबाट नेपाल र नेपालीको नाम अन्तर र्राष्ट्रियस्तरमा चिनाउन महत्वपूर्ण भूमिका खेलेको भन्दैं अन्तर्राष्ट्रिय तथा राष्ट्रिय जुनियर फुटबल गोलरक्षक मीनबहादुर बस्नेतलाई सम्मान गरेको छ ।

संस्थाको १७ औं वार्षिक साधारण सभाको अवसरमा बस्नेतलाई दोसल्ला ओढाएर नगद पाँच हजार र सम्मानपत्र प्रदान गरिएको थियो । यसैगरी विगतका वर्षहरु झै यस वर्ष पनि संस्थामा कारोवार गर्ने आफ्ना पाँचजना ज्येष्ठ सदस्यलाई नगदसहित सम्मान गरेको छ । संस्थाका ज्येष्ठ सदस्यहरु मेचीनगर-७ का कृष्णकुमार ढुंगाना, विष्णुमाया विश्वकर्मा, मेचीनगर-६ का पदममाया पाठक, मायादेवी उप्रेती र इन्द्रमाया तामाङलाई जनही २ हजार नगद, एक-एक वटा ब्ल्याङ्केट र प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि मेचीनगर नगरपालिकाका नगर प्रमुख गोपालचन्द्र बुढाथोकी, संस्थाका अध्यक्ष भगिरथ राईलगायतले पुरस्कार तथा सम्मानपत्र प्रदान गरेका थिए । अध्यक्ष राईले साधारण सभाको उद्घाटन सत्रको अध्यक्षता गर्दैं सञ्चालक समितिको तर्फबाट संस्थाको विगत, वर्तमान र भावी योजनासहितको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको सभाहलमा सम्पन्न साधारण सभामा प्रस्तुत प्रतिवेदनमा संस्थाले सञ्चालन गरेको मेची मिट मार्टबाट २०८०/०८१ मा १६ हजार ३३५ केजी ५०० ग्राम विभिन्न प्रकारका मासु तथा मासुजन्य वस्तु बिक्री गर्दा ६४ लाख १८ हजार ७६१ रुपैयाँ आम्दानी भएको उल्लेख छ । सदस्य कृषकहरुले उत्पादन गरेका करिव २० हजार बोइलर कुखुरा तीन वटा मासु बिक्री केन्द्रबाट बिक्री भइरहेको र संस्थाको मेची मिट एग्रो फर्म पनि सञ्चालनमा रहेको प्रतिवेदनमा उल्लेख छ ।

२०६५ सालमा स्थापना भएको संस्थाले २०७९ मा मेची मिट मार्ट र मेची मिट एग्रो फर्म सञ्चालनमा ल्याएको थियो । मेचीनगर-७ र वडा नम्बर- ८ मा जग्गा भाडामा लिएर सञ्चालन गर्दै आएको छ । सहकारीले बैंकिङ व्यवसायतर्फ दुई हजार ८५९ शेयर सदस्य रहेको संस्थाको चुक्ता पुँजी १ करोड ४७ लाख ६० हजार १०० र नाफा १३ लाख रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रमको उद्घाटन सत्रमा प्रमुख अतिथि मेचीनगर नगरपालिकाका नगर प्रमुख गोपालचन्द्र बुढाथोकी , मेचीनगर सहकारी समन्वय समिति संयोजक वीपी भट्टराई ,संस्थाका संस्थापक अध्यक्ष नारायणप्रसाद प्रसाईलगायतले शुभकामना मन्तव्य राखेका थिए । संस्थाका व्यवस्थापक अनिता गुरागाँईले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष राजकुमार पराजुलीले शब्दमार्फत स्वागत गरेका थिए ।

## बिर्तामोड नगरपालिका

५ नं. वडा कार्यालय झापाको

## घरको सटर खाली गराइदिने बारेको सूचना

प्रकाशित मिति- २०८१/०९/२६

बिर्तामोड नगरपालिका वडा न.५ बस्ने तारा गिरीले मिति २०८१/०८/२७ गतेका दिन यस वडा कार्यालयमा पेश गरेको निवेदनबमोजिम बिर्तामोड नगरपालिका –५ निवासी निवेदक तारा गिरीको नाममा दर्ता कायम रहेको साबिक अनारमनी ३ हाल बिर्तामोड ५ मा पर्ने कि.न.९७३ को ज.वि.३६६३.७६ जग्गामा बनेको १ तला घरको २ वटा सटर कोठा भद्रपुर नगरपालिका वडा न.१ निवासी गोपाल तामाङले मिति २०८०।०४।२७ गतेदेखि मासिक भाडा रु १२०००/–(बाह्र हजार मात्र) लिई होटल व्यवसाय गर्दै आएको र हाल मिति २०८०।०८।२९ गतेका दिनदेखि घर भाडा नतिरी सम्पर्कविहीन भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा सम्पर्कमा आई निज घरधनी तारा गिरीलाई शर्त बमोजिमको भाडा भुक्तानी गरी घरको कोठा खाली गराई दिनुहुन अनुरोध छ । यो सूचनालाई बेवास्ता गरी लिखित जवाफ वा सम्पर्कमा नआएमा कानुन बमोजिम भईजाने कुरा जानकारी गरिन्छ । .






नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# केचनालाई होच्याउने नगरौं

देशकै होचो भूभाग भएर होला केचनालाई होच्याउने गरिन्छ । देशकै र विश्वकै अग्लो सगरमाथाले सबैको ध्यान खिचिरहँदा कचनकवलको केचना भने उपेक्षित भएको पाइएको छ । दक्षिणी क्षेत्र र आदिवासी समुदायमा रहेको हिसावले पनि राज्यको ध्यान नगएको हो कि भन्ने शंका उब्जिएको छ । बिरलै राजनीतिक नेतृत्वको पाइला पर्ने नेपालकै होचो स्थान कचनकवलमा बुधवार निकै तामझाम र सिंगारपटारको दृष्य देखिन्थ्यो ।

पहिचान पाउन सके नेपालका अतिव्यस्त पर्यटकीय स्थलभित्र पर्नसक्ने कचनकवलको स्तम्भ राजनीतिले समेट्न नसकेको अभागी भूगोलमा भएको प्रष्ट हुने आधार भौतिक पूर्वाधारका संरचनाको टिठलाग्दो परिवेश र सडकको दुरावस्थाले प्रष्ट्याइरहेको थियो । राजनीति गर्नेहरूले धेरै पटक यही होचो भूगोललाई देखाएर निर्वाचन जिते पनि होलान् तर, त्यस भूगोलले कहिलै जितेको अनुभूति नागरिक स्तरमा गर्न सकेको छैन ।व्यवस्थित सडक, शुद्ध पिउने पानीको उचित प्रवन्ध, कचनकवलको पहिचानको रूपमा रहेको स्तम्भको मर्मत संहारको व्यवस्थापन मात्र राजनीतिक नेतृत्वले गरिदिने हो भने पिछडिएको क्षेत्रको पहिचानबाट कचनकवलले मुक्ति पाउने थियो ।

नेपाली कांग्रेस कोशी प्रदेशको आयोजनामा नेपालकै होचो स्थानको पहिचान बनाएको झापाको कचनकवलबाट संसारकै अग्लो स्थान सगरमाथासम्मको जागरण अभियान सुरू गरिएको छ । नेपालको सबैभन्दा होचो भूभाग रहेको दक्षिणी झापाको कचनकवल स्तम्भबाट सो अभियान सुरू गरिएको हो ।

केचना–सगरमाथा जागरण अभियान नाम दिइएको पदयात्राको कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा तथा पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलालगायतका नेताहरूले अभियानको शुभारम्भ गरेका थिए ।अभियानमा कोशी प्रदेशका १४ जिल्लाका सभापतिसहित नेता कार्यकर्ता सहभागी भएका थिए । अभियानमा स्थानीय स्तरका धेरै नेता कार्यकर्ताको समेत उपस्थिति रहेको थियो । समुन्द्र सतहदेखि ५८ मिटर उचाईमा नेपालकै होचो भूभागमा कचनकवल स्तम्भ रहेको छ ।सायद राजनीतिक रूपमा अभियानको थालनी भएको पहिलो कार्यक्रम कचनकवल स्तम्भले पाएको भए पनि यहाँको विकासका लागि काँग्रेसले सही बाटो लिन नसकेको स्थानीयको दुखेसो छ । यही क्षेत्रबाट एमाले, काँग्रेस र राप्रपाका नेताहरू राजनीतिक रूपले स्थापित भए पनि नेपालको होचो भूगोलको पहिचान उच्च बनाउन कुनै पनि नेताले योगदान भने दिन सकेका छैनन् ।

केचनाको पछौटेपनलाई राजनीतिक मसला बनाएर अग्रगामी विकासको नारा चर्काउँदै निर्वाचन जिते पनि यस क्षेत्रमा सडक, बिजुली बत्ती, पिउने पानी, शिक्षा, स्वास्थ्य र रोजगारका समस्या बिगत र वर्तमानमा फरक हुन सकेका छैनन्। त्यसकारण राजनीति गर्नैका लागि मात्र केचना नजाऔं । त्यहाँको मर्म बुझ्ने प्रयास गरौं ।



Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# बहसमा बिआरआई



• भरत गौतम

राज्यले समृद्धि प्राप्त गर्न ज्ञानको उपयोग र क्षमता अभिवृद्धिसँगै स्रोतसाधनको जरुरत पर्छ । स्रोतको पूर्णताका लागि आर्थिक र ज्ञानको विस्तार गर्न प्राविधिक सहयोग आवश्यक हुन्छ । सम्पन्न देशबाट विपन्न वा स्रोतसाधन कम हुने देशले विकासका लागि आर्थिक सहयोग र साझेदारी गर्न असल सम्बन्ध स्थापित गर्नुपर्ने हुन्छ । सहयोगका सामान्य सिद्धान्तले दाताको स्वार्थमा हुने सहयोग, सहयोग लिनेको स्वार्थमा हुने सहयोग र दुवैको स्वार्थ मिल्ने गरी हुने सहयोगका रूपमा हेरिएको हुन्छ । सहयोगको सुखद परिणामका लागि दुवैको हितको विषय महत्वपूर्ण मानिन्छ ।

नेपालको हितका लागि आर्थिक र प्राविधिक सहयोगको निरन्तरता रहेको तर पछिल्ला दिनमा खर्च गर्ने क्षमताको प्रतिकूलता कारण सहयोगको मात्रा घट्न थालेको पाइन्छ । अर्कोतिर नेपाल सन् २०२६ मा विकासशील देशमा स्तरोउन्नति हुने चरणमा रहेकाले पनि अबका दिनमा अनुदान सहयोग घट्ने नै देखिन्छ । नेपाललाई प्राप्त हुने सहयोगमध्ये केही सहयोग सामरिक महत्वसँग जोडिएको भनाइ छ । मित्रराष्ट्र अमेरिकाले मिलिनियम च्यालेन्ज अफ कर्पोरेसन अन्तर्गतको सहयोग जसमा नेपालको समेत लागत सहभागिता रहेको र मूलत विद्युत्को प्रसारण लाइन, सव स्टेसन निर्माण र सडकको मर्मत सम्भारका लागि परियोजना कार्यान्वयनमा रहेको छ । एमसिसी परियोजनाको स्वीकारपूर्व वादविवाद भएको र केही सर्तसहित परियोजना लागु गर्न संसद्बाट अनुमोदन भएको थियो । छिमेकी देश भारतले विगतमा पाँच लाखसम्मका परियोजना शिक्षा, सामाजिक विकास र मठमन्दिरको संरक्षणलगायतको क्षेत्रमा सहयोग उपलब्ध गराउँदै आएकोमा हालै उक्त रकममा बढोत्तरी गरी २० लाखसम्म पुऱ्याएको छ । भारत सरकारले दिने सहयोगका परियोजनामा पनि विभिन्न सर्तसहितको सहयोगका रूपमा हेरिएको छ ।

सन् २०१३ मा चीन सरकारले पूर्वाधार विकास गरी आर्थिक लाभका लागि अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्न बेल्ट एन्ड रोड इनिसिएटिभको परियोजना घोषणा गरेको छ । उक्त परियोजनामा हालसम्म ५१ वटा राष्ट्रले सहभागिताका लागि सम्झौता गरेको र अन्तर्राष्ट्रिय संस्थासँग पनि परियोजना कार्यान्वयन सहजीकरण गर्न समझदारी भएको बताइएको छ । बिआरआई परियोजनाले मुख्यतः जडित पूर्वाधारका लागि सडक करिडोर, रेलको पहुँच र बन्दरगाहको निर्माण र आधुनिकीकरण गरी उक्त पूर्वाधारसँगै आर्थिक क्रियाकलाप आबद्धता गर्ने सोच बनाएको पाइन्छ । विपन्नतालाई सम्पन्नतामा लैजाने मार्गचित्रको रूपमा चीन सरकारले गरेको विश्व अठोटका रूपमा हेरिएको छ ।

नेपालले सन् २०१७ मा बेल्ट एन्ड रोड इनिसियटिभको परियोजना लिने सहमति भएको र उक्त परियोजनाको सूची र लगानीको मोडेलका विषयमा अझसम्म निचोड निकाल्न सकिएको पाइँदैन । बेल्ट एन्ड रोड इनिसियटिभको परियोजना नेपालका लागि मात्र तय भएको होइन । यो परियोजना विश्वका धेरै मुलुकले स्वीकार गरेको र लाभ लिइरहेको परियोजना हो । दक्षिण एसियामा पाकिस्तान, बङ्गलादेश र श्रीलङ्काले उक्त परियोजना कार्यान्वयन गरिरहेका छन् । श्रीलङ्कामा आएको आर्थिक सङ्कटमा उक्त परियोजनाको स्वीकार पनि एउटा हो भन्ने भनाइ रहेको र उक्त सङ्कटको असरले होसियारी गर्नुपर्ने विषयमा ध्यानाकर्षण भएको थियो ।

नेपालको जडित पूर्वाधार विकास गरी उत्तरतिरको आर्थिक अवसर अभिवृद्धि गर्न यो एउटा महत्व पूर्ण अवसर हो । नेपालको बढ्दो व्यापार घाटा र बेरोजगारी कम गर्न स्थानीय स्रोतसाधनलाई उत्पादनसँग जोड्न बिआरआई परियोजना महत्वपूर्ण अवसरको रूपमा लिइनु राम्रो हुन्छ । दक्षिणतिरका १५ वटा व्यापारिक नाका छन् भने उत्तरतिर पाँच नाका सहज बनाई नेपालको आर्थिक क्रियाकलाप वृद्धि गरी गरिबी निवारण र कुल गार्हस्थ उत्पादनमा बढोत्तरी गर्न छिमेकी राष्ट्रको सोचमा आबद्ध भई लाभ लिन राष्ट्रिय सङ्कल्पको खाँचो रहेको छ ।

उत्तरी सिमाना नजिकको हिमाली क्षेत्रमा पर्यटनको प्रवर्धन गर्न, कृषि उत्पादन बढाई उत्तरतिर निर्यात बढाउन, हिमाली क्षेत्रमा पाइने जडीबुटीको औद्योगीकरण गरी लाभ लिन र जलस्रोत तथा खानीका सम्भावनालाई पूर्वाधारसँग जोड्न अति आवश्यक भइसकेको छ । अझै पनि हामी हिमाली भेगमा खाद्यान्न र नुन अनुदानमा आपूर्ति गर्न परेको अवस्थामा उक्त क्षेत्रलाई आर्थिक अवसरको गन्तव्य बनाउन राज्यले गर्ने प्रयत्नमा ज्ञान, स्रोतसाधनको पूर्णताका लागि प्रभावकारी आर्थिक कूटनीतिसहित एक स्वरमा यस्ता परियोजनाबाट लाभ लिन बलियो र विश्वासिलो आधार बनाउन पर्ने हुन्छ । नेपाल र चीनबिच भएका समझदारीमा आर्थिक विकासका सम्भावनाको फाइदा प्राप्त गर्न पनि परियोजनागत सहयोगको आवश्यकता छ । नेपालले पारवहनको सुविधाका लागि मित्रराष्ट्र चीनसँग भएका सम्झौताको फाइदा लिन नसकेको अवस्थामा बिआरआई परियोजना कार्यान्वयन एउटा कोसेढुङ्गा हुन सक्छ भने जडित पूर्वाधारले व्यापारको लागत घटाइ प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने देखिन्छ ।

नेपालले बिआरआईमा सहभागिता नेपालको हितमा हुने र कुनै विदेशी र छिमेकी राष्ट्रको हितविपरीत कुनै पनि कार्य नहुने आश्वस्त पार्नका लागि कूटनीतक कौशलताको खाँचो देखिएको छ । हाल बिआरआईका विषयमा आन्तरिक सतही छलफलले देशको प्रतिष्ठामा प्रश्नचिह्न खडा भएको र दाता देशको सम्बन्धमा समेत असर परेकाले यस्ता विषयमा एउटा सीमाभित्र रही अघि बढ्नुपर्ने हुन्छ । नेपालको अवसरमा अरूको चासो र चिन्ता रहनु नराम्रो पनि होइन तर नकारात्मक तरिकाले हेर्नु र बुझी दिनु भएन भन्ने विषयमा अन्तर ाष्ट्रिय स्तरमा सन्तुलित कूटनीतिका लागि पहल हुन आवश्यक छ । बिआरआई परियोजनाको अप्रत्यक्ष लाभ छिमेकी देशलाई पनि हुने गरी काम गर्नुपर्ने हुन्छ ।

आर्थिक र सामाजिक विकासको पाटोमा परियोजनालाई ढाल्न आपसी समझदारीमा जोड दिनुपर्ने हुन्छ । खुला सिमानाको प्रभावलाई मूल्याङ्कन गरी आवश्यक भएमा व्यवस्थित गर्न छिमेकी देशसँग संवादमा निरन्तर रही सीमा व्यवस्थापन गर्दै जानु पर्छ ।

नेपालले बिआरआई परियोजनाका लागि कक्रिड परियोजना छान्न आन्तरिक सहमत हुनुपर्ने र परियोजनाको सफलतापछि पुँजी निर्माणको दिगो संरचना बन्नु पर्छ । परियोजनाले पूर्वाधार विकासका नमुना प्रस्तुत गरी आर्थिक अवसरको दिगोपनामा ध्यान दिन आवश्यक छ । चीनको विकासको सकारात्मक प्रभावको ज्ञान प्राप्त गरी स्थानीयकरण गर्न पनि यस्ता परियोजना आवश्यक देखिएको छ । पुँजी निर्माण गरी लगानी बढाउन, उत्पादनलाई बजारसँग जोड्न, ज्ञानको उपयोग र रोजगारी वृद्धि गर्न, नवपर्वतनीय सोच र सभ्य एवं उत्पादनमुखी समाज निर्माण गर्नका लागि बिआरआई जस्ता परियोजना सार्थक हुने छन् ।

बिआरआई परियोजनाको नकारात्मक पक्षप्रति होसियारी र सकारात्मक पक्षको बढोत्तरी गर्न हामी सक्षम हुनु पर्छ । पहिलो परियोजनाको खाकालाई एकै स्वरमा स्वीकार गर्न सक्ने बनाउने, दोस्रोमा लगानी गर्ने मोडलको तय गर्ने, तेस्रोमा विकास र प्रगतिका लागि ज्ञान प्राप्त गरी आन्तरिक क्षमता बढाउने, चौथो छिमेकी राष्ट्रको चासो र चिन्ताको कूटनीतिक माध्यमबाट सहजीकरण गर्ने र परियोजनालाई दिगो विकास गर्न पुँजी निर्माण गर्ने आधार बनाउने गरी तयारी थाल्न आवश्यक छ ।

नेपालले आर्थिक समृद्धि प्राप्त गर्न विकासशील देशमा स्तर उन्नतिको चरणमा रहेको र समृद्धि प्राप्त गर्न चाहिने ज्ञान र लगानी क्षमता पूर्ण छैन । ज्ञानको प्रवाह र लगानीको पर्याप्तता नभई पूर्वाधार विकास हुन सक्दैन । मेघा परियोजना सञ्चालन गर्नका लागि सहयोगी राष्ट्रको साथ लिनैपर्ने हुन्छ । यसका लागि आन्तरिक बहस गरी लाभदायिक प्रतिफलका लागि निचोडमा पुग्नुको विकल्प नै छैन । छिमेकी देशको सहयोग हाम्रा लागि उपयुक्त नै हुने तर छिमेकी मित्र राष्ट्रसँगको सम्बन्धमा आँच नपुग्ने गरी सौहार्द वातावरण बनाउन कूटनीतिक कौशलताको खाँचो देखिन्छ । हाम्रो हितले छिमेकीको पनि अप्रत्यक्ष हित हुने र समृद्ध समाज निर्माण हुँदा सम्बन्धको

# हाम्रो स्वास्थ्य हाम्रै हातमा



• डा. राम थापा क्षेत्री

स्वस्थ र सबल जीवनयापन हामी सबैको चाहना हो । दीर्घ आयु, खुसी र सुखी परिवार नै हाम्रा सर्वोपरि कुरा हुन् । स्वस्थ जीवन प्राप्तिको चाहनालाई मूर्तरूप दिन हामी आफू कतिको अनुशासन र स्वस्थ जीवनशैली अपनाउछौं भन्ने कुरा महत्वपूर्ण हुने गर्छ । हामीले दैनिक जीवनमा खाने खानाको असन्तुलित व्यवहार तथा शारीरिक क्रियाकलाप तथा व्यायामको कमीले गर्दा अधिकांश व्यक्ति विभिन्न रोग कलेजोमा बोसो जम्ने रोग, मधुमेह, मुटु तथा रक्तनलीसम्बन्धी रोग, मस्तिष्कघात जस्ता गम्भीर रोगबाट ग्रसित बन्दै गइरहेका छन् ।

सवारीसाधनमा सिट बेल्टको अनिवार्य प्रयोग गर्ने, दुईपाङ्ग्रे सवारीमा दुवै जनाले चिउडोसम्म छोप्ने गरी बलियो हेलमेट अनिवार्य लगाउने, महिलाले दुईपाङ्ग्रे सवारीमा यात्रा गर्दा सल, सारी, कपडा वा अन्य सामान नलत्रने गरी यात्रा गर्ने, बालबालिका तथा महिलालाई सवारीको अघिल्लो भागमा यात्रा नगराउने, अविरल वर्षाको समयमा खोलानाला, खरे तथा नदीमा जथाभावी नजाने, वनजङ्गलमा घाँस दाउरा गर्न जाँदा समूहमा साथ लिएर जाने, जङ्गली विषालु च्याउको सेवन नगर्ने, अरिङ्गाल, बारुलाले चिलेर हुने प्रतिक्रिया भएमा तत्काल अस्पताल पुगेर एलर्जीविरुद्ध सुईमार्फत उपचार सुरु गर्ने, कोही बेहोस, अचेत भएमा तत्काल सिपिआर सुरु गर्ने तथा जस्तोसुकै स्वास्थ्य समस्या आई पर्दा हेलचेक्र्याइ नगरी तुरुन्तै अस्पताल पुग्दा मानवीय क्षति रोक्न सकिन्छ । त्यस्तै कोही व्यक्ति बेहोस भएर मुटुको चाल कायम छ भने त्यस्ता बिरामीलाई कोल्टे पारेर गुलियो कुरा मिश्रित पानी मुखमा राखिदिँदा त्यस्ता हाइपोग्लाइसेमिया भएका बिरामीलाई बचाउन सकिन्छ र तत्कालै उद्धार गरी अस्पताल पुऱ्याउनु पर्छ ।

डेङ्गु सङ्क्रमणमा जोगिने उपायको पालना गर्ने तथा सङ्क्रमण भइहालेमा तुरुन्त अस्पताल पुगेर चिकित्सकको निगरानीमा उपचार सुरु गर्नु पर्छ । डेङ्गु सङ्क्रमणलाई सामान्य रूपमा लिँदा यस रोगबाट हुने जटिलताको कारण बिरामीको ज्यानसमेत जाने हुँदा बेलैमा परीक्षण गरी उपचार सुरु गर्नु अपरिहार्य छ । आजकल धेरै मानिसको शारीरिक निष्क्रियताको कारण पेट लाग्ने, अत्यधिक वजन वृद्धि हुने जस्ता समस्या देखा परेका छन् । त्यस्ता मोटोपना भएका व्यक्तिले तुरुन्त अस्पताल पुगेर रगतमार्फत कलेजोसम्बन्धी जाँच, कोलेस्ट्रोलसम्बन्धी जाँच र भिडियो एक्सरे इत्यादि परीक्षण गर्नाले धेरै रोग बेलैमा स्क्रिनिङ गर्न सकिन्छ । त्यस्तै महिलाले अस्पताल पुगेर पाठेघरको क्यान्सरसम्बन्धी स्क्रिनिङ जाँच गर्नाले क्यान्सरको जोखिम वा अवस्थाबारे बेलैमा जानकारी पाउन सकिन्छ । हाल नेपाल सरकारले १० देखि १४ वर्षका किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने खोप (एचपिभी भ्याक्सिन) नियमित खोप तालिकामा नै समावेश गरी सबै किशोरीलाई निःशुल्क उपलब्ध गराएको हुँदा सबै किशोरीलाई यो खोप लगाउन सचेतना अभिवृद्धि गराउन आवश्यक छ ।

घरमा पालिएका तथा सडकमा पाइने कुकुर, बिरालो, स्याल, बाँदर, फ्याउरो जस्ता जीवजन्तुले टोकेमा, चिथोरेमा तथा घाउ चाटेमा आधा घण्टासम्म साबुन पानीले सफा गरेर तुरुन्त रेबिजविरुद्धको खोप लगाउन अस्पताल पुग्नु पर्छ । घरका गाईवस्तुलाई पनि त्यसरी जीवजन्तुले टोकेमा भेटनरीमार्फत समन्वय गरी खोप लगाउन सकिन्छ । कुकुरले टोकेर हुने घटनामा टोक्ने बित्तिकै वा ७२ घण्टाभित्र खोप लगाउनु पर्छ । पछिल्लो अनुसन्धान अनुसार कुकुरले टोकेको पुष्टि भएमा ७२ घण्टा बिते पनि रेबिजविरुद्ध खोप लगाउन जानुपर्ने तथ्य उल्लेख छ ।

दैनिक मानवीय जीवनमा देखापर्ने स्वास्थ्य समस्या अन्तर्गत उच्च रक्तचाप (हाइपरटेन्सन) पनि गम्भीर समस्याको रूपमा देखा परेको छ । नेपालको सबै क्षेत्र र सबै वर्ग समुदायका मानिस यो समस्याबाट ग्रसित छन् । उच्च रक्तचापको बेलैमा निदान गरी औषधी सेवन गर्नु नै पहिलो महत्वपूर्ण काम हो । कुनै गम्भीर लक्षण नदेखिने तर रक्तचाप परीक्षण गर्दा प्रेसर बढेको घटना हाम्रा स्वास्थ्य संस्थामा प्रशस्त छन् । चिकित्सकले उच्च रक्तचापको औषधी सुरु गर्नु पर्छ भन्दा नमान्ने प्रवृत्तिले पनि उच्च रक्तचापको बिरामीको मस्तिष्कघात, हृदयघात, पक्षघात, मिर्गौलासम्बन्धी रोगलगायत विभिन्न स्वास्थ्य जटिलता लिएर अस्पताल पुग्ने गरेको पाइन्छ । उच्च रक्तचाप बेलैमा परीक्षण गरेर चिकित्सकको निगरानीमा औषधी सुरु गर्ने, साथमा नियमित व्यायाम, योगा, ध्यान तथा खानामा सन्तुलन मिलाउन सकेमा यो समस्यालाई बेलैमा नियन्त्रण गर्न सकिन्छ ।

हाम्रो नेपालमा निकै कम बहस र अन्तरक्रिया हुने अर्को विषय यौन स्वास्थ्य पनि हो । विद्यालय तहदेखि नै राखिएको प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षाले धेरै हदसम्म सचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ । असुरक्षित यौन सम्पर्क (कन्डमको प्रयोग नगर्ने), कन्डमको सही प्रयोग नगर्दा फुट्ने, लागूपदार्थ दुर्व्यसनीले प्रयोग गरेका सिरिन्जको पुनः प्रयोग गर्दा, एचआईभी सङ्क्रमित बिरामीलाई प्रयोग गरेको सुईले घोचेमा वा रगतजन्य सङ्क्रमण भएमा, पछिल्लो समय पुष्टि भएको विभिन्न टयाटु खोप्दा पनि एचआईभी सरेको हुँदा त्यस्ता शङ्कास्पद घटनामा ७२ घण्टाभित्र तुरुन्त अस्पताल पुगेर एचआईभीविरुद्धको औषधी सुरु गरेमा यस्ता प्राणघातक रोगबाट बच्न सकिन्छ । असुरक्षित यौन सम्पर्कबाट हुने विभिन्न यौन रोग तथा एड्सबाट बच्नका लागि कन्डमको सही तरिकाले प्रयोग गर्ने र सम्भावित रोग भएका व्यक्तिसँग असुरक्षित सम्पर्क भएमा ७२ घण्टा भित्र स्वास्थ्य संस्था पुगेर पोप (पोस्ट एक्सपोजर प्रोफिल्याक्सिस) २८ दिनसम्म नियमित सेवन गर्नु पर्छ । साथै असुरक्षित यौन सम्पर्क हुने सम्भावित रोगबाट बच्न प्रेप (प्रि एक्पोजर प्रोफिल्याक्सिस) औषधी स्वास्थ्य संस्थाहरूबाट निःशुल्क प्राप्त गर्न सकिन्छ ।

मानसिक स्वास्थ्य आज आमनेपालीको निकै चिन्ता र चासोको विषय बनेको छ । बढ्दो बेरोजगारी, पारिवारिक कलह, उच्च महत्वाकांक्षा, आर्थिक अभाव, लागूपदार्थ दुर्व्यसन, धूमपान, मद्यपान, राजनीतिक अस्थिरता जस्ता विभिन्न कारणले गर्दा धेरै व्यक्ति तनाव, नैराश्यता, मनोरोग जस्ता विभिन्न मानसिक स्वास्थ्य समस्याबाट ग्रसित छन । मनोरोगका लक्षण देखिएका, आत्महत्याको सोच आउने, मानसिक रूपले विक्षिप्त व्यक्तिहरूले तुरुन्त मनोरोग विशेषज्ञसँग परामर्श गर्ने वा ११६६ मा फोन गरी निःशुल्क परामर्श लिन सकिन्छ । यस्ता समस्यालाई बेलैमा परामर्श गरी उपचार सुरु गरेमा मानवीय जीवनको रक्षा गर्न सकिन्छ ।

बालबालिकालाई बाहिरको खानेकुराभन्दा घरमा नै तयार गरेको खाना पौष्टिक आहार हुने हुँदा जङ्क फुड निषेध गर्नु पर्छ । हामीले दैनिक खाने खानालाई सन्तुलित भोजनको रूपमा मिलाएर खानु आवश्यक छ । दैनिक बिहान र बेलुका खाना खाइसकेपछि अनिवार्य दात माझ्ने बानीको विकास गर्नु पर्छ । वर्षमा एक पटक दन्त चिकित्सकलाई भेटेर दन्त परीक्षण गर्नु लाभदायक हुन्छ । मुख तथा दन्त स्वास्थ्यलाई ख्याल गरी धूमपान, मद्यपान, खैनी, पराग, गुटखा सेवनबाट टाढा रहनु पर्छ । हाम्रो वायुमण्डल दिनप्रतिदिन प्रदूषित हुँदै गइरहेकोले हरेक व्यक्तिले बाहिर निस्किँदा अनिवार्य मास्क लगाउनु बुद्धिमानी हुन्छ । मानिसलाई चिन्तामुक्त हुन र स्वस्थ हुन हरेक गाउँ र बस्तीमा योगा ध्यान केन्द्र सञ्चालन गर्नु पर्छ ।

हाम्रा दैनिक जीवनमा आवश्यक पर्ने विभिन्न आपत्कालीन औषधी जस्तै हृदयघात हुँदा चपाएर खानुपर्ने चार चक्की एसपिरिन, ज्वरो आउँदा, डेङ्गु हुँदा खाने सिटामोल, पखाला लाग्दा खाने जीवनजल, एलर्जी, रुघाखोकी लाग्दा राति एक पटक खाने औषधी, काटेको घाउमा लगाउने औषधी, मास्क, पन्जा, प्रेसर बढेको अवस्थामा खाने औषधी, रक्तचाप मापन यन्त्र जस्ता सामान हरेक घर, कार्यालय र संस्थामा राख्नु अपरिहार्य छ । यस्तै विभिन्न दुर्घटनाका कारण अकाल मृत्युवरण गरेका व्यक्तिको शरीरबाट निश्चित समयभित्र कलेजो, मिर्गौला, कर्निया, छाला जस्ता केही महत्वपूर्ण अङ्ग दान गरी अर्को आवश्यक परेका बिरामीलाई प्रत्यारोपण गर्न सकिने हुँदा अङ्गदानलाई जीवनदानको रूपमा स्थानीय तहदेखि नै जनचेतनामूलक अभियान सञ्चालन गर्नु पर्छ ।

बर्खायाममा सर्पले टोकेर हुने घटना हामीले धेरै सुन्ने गर्दछौं । सर्पले टोक्दा टोकेको भागलाई स्थिर राखेर (हातलाई डोरीले बाँध्ने होइन) तुरुन्त अस्पताल लैजाने गर्नु पर्छ । अस्पताल तथा नेपाली सेनाको सर्पदंश उपचार केन्द्रमा सर्पको विष मार्ने औषधी उपलब्ध हुने हुँदा बिरामीलाई सान्त्वना दिएर जुनसुकै सवारीसाधनको माध्यमबाट छिटोभन्दा छिटो नजिकका अस्पताल वा नेपाली सेनाको सर्पदंश उपचार केन्द्र पुऱ्याउनु पर्छ । नेपाल सरकारले आमनेपाली जनतालाई स्वास्थ्य उपचारमा आर्थिक भार नपरोस् भनेर स्वास्थ्य बिमाको कार्यक्रम २०७२ सालदेखि लागु गरेको छ । सो कार्यक्रम विपन्न, असहाय, अति सीमान्तकृत, भिन्न क्षमता भएका तथा ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा गरिदिने व्यवस्था छ । यो व्यवस्थालाई सर्वसाधारणले सदुपयोग गरी स्वास्थ्योपचार सेवा लिनु पर्छ ।

# एउटा सिलिन्डर बम डिस्पोज



झापा(प्रस) । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मोरङको सुन्दरहरैंचा नगरपालिका-७ स्थित मालती पुलनजिकै खोजतलासका क्रममा मालती पुलबाट करिव १० मिटर पश्चिममा सुरुङ खनेर राखिएको अवस्थामा बिहीवार दिउँसो ४ वटा सिलिन्डर बम फेला परेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले जानकारी दिए।

फेला परेकामध्ये एउटा सिलिन्डर बम डिस्पोज गरिएको छ । नेपाली सेनाको टोलीले बम डिस्पोज गरेको हो। बाँकी तीनवटा बम क्रमशः डिस्पोज गरिने छ । बम रहेको हल्ला चलेपछि खोजीका लागि पूर्वपश्चिम राजमार्ग खण्डमा नेपाली सेना र नेपाल प्रहरीको टोली परिचालन गरिएको थियो।

सूचनालगत्तै पूर्व-पश्चिम राजमार्गअन्तर्गत करिब २ किलोमिटर सडकमा सवारी आवागमनमा रोक लगाइएको थियो। बिहीवार बिहान ८ बजेदेखि सवारीसाधन डाईभर्ट गरिएको र घटनास्थल वरपर आवतजावतमा रोक लगाएको जोशीले बताए। जिल्ला प्रशासन कार्यालय मोरङमा सुन्दरहैंचा-७ को मालती पुल आसपासमा द्वन्द्वकालको बम रहेको सूचना आएको थियो। राजमार्ग विस्तारको क्रममा उत्खनन् गर्दा पड्किन सक्ने जोखिम रहेको भन्दै माओवादीका केही नेताले स्थानीय प्रशासनलाई सूचना दिएको स्रोतले बतायो।

## प्रतिबन्धित औषधीसहित दमकमा दुईजना पक्राउ

झापा(प्रस)। झापाको दमकमा प्रतिबन्धित औषधीसहित दुईजना पक्राउ परेका छन्। बुधवार साँझ ५ बजे दमक नगरपालिका वडा न. ९ बरगाछी टोलको बुद्ध चोकमा लागूऔषध बिक्री गरिरहेको अबस्थामा दमक नगरपालिका वडा न. १ बस्ने २४ वर्षीय केसाङ तामाङ र मोरङ रतुवामाई नगरपालिका सिजुवा घर भई दमक नगरपालिका वडा न. ८ बस्ने २२ वर्षीय मित्रलाल राजवंशी पक्राउ परेका हुन् । उनीहरुको साथबाट ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल २० पता र स्पास्पेन ४ पता फेला परेको थियो । दुवैलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

## गोठमा आगलागी हुँदा जलेर एक जनाको मृत्यु

झापा(प्रस)। सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिका-२ थुम्लिङस्थित एक गोठमा आगलागी हुँदा जलेर एक जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार आगलागीमा परी माप्य दुधकोशी गाउँपालिका-१ का अन्दाजी ४० वर्षीय नवराज खालिङ राईको मृत्यु भएको हो।



स्थानीय बलबहादुर नेवारको घाँस राख्ने गोठमा बुधवार राति ११.४० बजे आगलागी हुँदा खालिङको ज्यान गएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायव उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए । खालिङ बेवारिसे अवस्थामा बस्दै आएका थिए । घाँसले भरिएको गोठमा आगो लागेको थियो ।

राति सोही गोठमा बसेका खालिङले चुरोट खाने क्रममा आगलागी भएको हुन सक्ने अनुमान गरिएको छ । घटनाका विषयमा थप अनुसन्धानका लागि बिहान प्रमुख जिल्ला अधिकारी अनोजकुमार घिमिरे, प्रहरी नायब उपरीक्षक घिमिरे र चिकित्सकसहितको टोली घटनास्थल पुगेको छ । खालिङ जसकोमा काम गर्यो उसैकोमा खाँदै डुली हिड्ने गरेका थिए ।

## क्यानडामा गाडीको ठक्करबाट नेपाली युवकको मृत्यु



झापा(प्रस)। क्यानडामा सडक दुर्घटनाबाट एक नेपाली युवकको मृत्यु भएको छ। क्यानडाको समय अनुसार मंगलबार राति साढे १० बजे क्युबेक सिटीमा उनको मृत्यु भएको हो। घुम्न जाने क्रममा क्युबेक सिटीको सडकमा गाडी रोकेर बस्दै गर्दा अर्को गाडीले उनलाई ठक्कर दिएको थियो। गाडीको ठक्करबाट घाइते भएका ती युवकको घटनास्थलमै मृत्यु भएको क्यानडामा कार्यरत कानुन व्यवसायी केशव दाहालले जानकारी दिए। खोटाङ घर भएका युनेश गिरी क्यानडाको ब्राम्टनमा बस्दै आएका थिए। दाहसंस्कारको लागि गिरीको शव नेपाल ल्याउने तयारी भइरहेको छाअध्ययनका लागि युनेश सन् २०२२ को जनवरी ११ मा क्यानडा पुगेका थिए।

## विद्यार्थीको मूल्यांकन अब घरायसी कामबाट

झापा(प्रस) । विद्यालय तहका विद्यार्थीको मूल्याङ्कन घरायसी कामबाट गर्न पाठ्यक्रम विकास केन्द्रले सैद्धान्तिक सहमति पाएको छ । बुधबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईको



अध्यक्षतामा बसेको पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बैठकले केन्द्रलाई सहमति दिएको हो । परिषद् को सहमतिसँगै अब केन्द्रले विद्यार्थीको मूल्याङ्कनको आधार तथा मापदण्ड बनाएर कार्यान्वयनका लागि सम्बन्धित विद्यालयमा पठाउने छ ।

यस अनुसार अब विद्यार्थीले घरमा गरेको कामको आधारमा विद्यालयबाट वार्षिक परीक्षामा अङ्क पाउने छन् । केन्द्रका महानिर्देशक इमनारायण श्रेष्ठका अनुसार कक्षा ६ देखि १० सम्मका विद्यार्थीको मूल्याङ्कन यस मापदण्ड अनुसार गरिने छ । पहिलो चरणमा सामाजिक अध्ययन, गणित र विज्ञान विषयको मूल्याङ्कन घरायसी कामलाई आधार मानेर गरिने उनले जानकारी दिए ।

अहिले विद्यालय तहमा सातवटै विषयमा २५ अङ्कको परियोजनात्मक कामको आधारमा मूल्याङ्कन गरेर अङ्क दिइँदै आएको छ तर यी तीन विषयका २५ अङ्क पूरै घरायसी कामका आधारमा दिइने भने होइन । घरायसी कामलाई तीन वा चार अङ्क प्रदान गरिने छ । सम्बन्धित विषयशिक्षकले विद्यार्थीका अभिभावकसँग समन्वय गरेर विद्यार्थीको घरको कामको मूल्याङ्कन गर्ने छन् र सोही मूल्याङ्कनका आधारमा अङ्क दिइने छ । यस वर्ष मूल्याङ्कनको मापदण्ड बनाउने र अर्को वर्षदेखि कार्यान्वयनमा लैजाने केन्द्रका महानिर्देशक श्रेष्ठले जानकारी दिए ।

## जबरजस्ती करणी मुद्दामा हस्दा पक्राउ



झापा(प्रस)। जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी झापा कमल गाउँपालिका वडा न. १ बस्ने २९ वर्षीय बबु भनिने बिक्रम हस्दा पक्राउ परेका छन् । उनलाई बुधवार दिउँसो ३ बजे आफ्नै घरबाट इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो । हस्दालाई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ । जबरजस्ती करणी आरोपमा हस्दालाई उच्च अदालत बिराटनगर इलाम इजलासले २०८० भदौ ११ गते १८ बर्ष ६ महिना कैद र २७ हजार २०० रुपैयाँ जरिवाना तोकेको थियो ।

## शिविरमा २८४ जनाले गराए नि:शुल्क आँखा परीक्षण



कुमरखोद(प्रस)। झापा गाउँपालिकामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी कुमरखोद उपशाखाले झापा गाउँपालिका वडा नं २ झापा बजारमा रहेको आफ्नै सामुदायिक भवनमा बिहीवार एक दिवसीय निःशुल्क आँखा शिविर आयोजना गरेको थियो । शिविरमा महिला १६० र पुरुष १२४ गरी २८४ जना विरामीले आँखा परीक्षण गराएको कुमरखोद उपशाखाकासभापति पशुपतिलाल गणेशले जानकारी दिए ।

शिविरमा आँखाका रोगीहरुको निःशुल्क चेकजाँच गरिनुका साथै औषधीसमेत वितरण गरिएको थियो । शिविरमा ९५ जनाको आँखामा मोतिया विन्दुको समस्या भेटिएको छ । ती मोतिया विन्दुका विरामीलाई मेची आँखा अस्पतालले निःशुल्क शल्यक्रिया गरिदिने कुमरखोद उपशाखाका सचिव प्रदिप गणेशले बताए । आँखा शिविरमा प्राविधिक सहयोग मेची आँखा अस्पताल सैनिकमोडको रहेको थियो ।

# अब कक्षा ९ मा मात्रै रजिस्ट्रेसन फाराम भर्नुपर्ने




झापा(प्रस) । आगामी वर्षदेखि कक्षा ९ मा मात्रै रजिस्ट्रेसन फाराम भर्नुपर्ने भएको छ । हाल कक्षा ९ र कक्षा ११ मा गरी विद्यालय तहमा दुई पटक रजिस्ट्रेसन फाराम भर्नुपर्ने बाध्यता छ । उक्त बाध्यताको अन्त्य गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आगामी वर्षदेखि कक्षा ९ मा मात्रै रजिस्ट्रेसन फाराम भर्नुपर्ने व्यवस्था गर्न लागेको हो ।

शिक्षा पत्रकार सञ्जाल (इजोन) ले बिहीबार गरेको साक्षात्कार कार्यक्रममा बोल्दै शिक्षामन्त्री विद्या भट्टराईले दुई पटक रजिस्ट्रेसन फाराम भर्नुपर्ने बाध्यताको अन्त्य गरिएको बताएकी हुन् ।

त्यो पनि निःशुल्क रूपमा भर्ने व्यवस्था मिलाइएको उनको भनाई छ । राष्ट्रिय परीक्षा बोर्डले शैक्षिक प्रमाणपत्र बनाउँदा समेत शुल्क लिने गरेको छ । त्यस्तै विद्यार्थीको रजिस्ट्रेसनको नाममा समेत कक्षा ९ र ११ मा समेत शुल्क लिने गरेको छ । त्यति मात्र नभई त्यही शुल्कबाट नेपाल सरकारले समेत राजश्व उठाउने गरेको छ ।

'विद्यार्थीसँग रजिस्ट्रेसन शुल्कबापत कक्षा ९ मा शुल्क लिने, त्यो राजश्वको रूपमा जाने गरेको कुरा थाहा पाएपछि रोक्नुपर्छ भनेर म लागे,' मन्त्री भट्टराईले भनिन्, 'अहिले ९ कक्षामा रजिस्ट्रेसन शुल्क लिन नपाइने, राजश्वमा पनि नजाने गरी अर्थ मन्त्रालयसँग समेत कुरा भएको छ । त्यतिमात्र नभई प्रधानमन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिमा एजेन्डा लगेर पारित गरेका थियौँ ।'

यो निर्णय आगामी वर्षको बजेटबाट कार्यान्वयनमा आउने उनको भनाइ छ । निःशुल्क तथा अनिवार्य शिक्षाको सुरुवात यहिबाट भएको समेत बताइन् । त्यस्तै फाराम भर्ने नाममा विलम्ब शुल्क समेत लिने गरेको छ । मन्त्री भट्टराईले त्यो विलम्ब शुल्क समेत हटाइएको बताइन् । शुल्कका नाममा विद्यार्थीहरूबाट विलम्ब शुल्क लिन नपाउने व्यवस्था गरिएको उनको भनाइ छ ।

त्यस्तै शैक्षिक प्रमाणपत्रको नाममा, त्रुटिहरू सच्याउने नाममा समेत शुल्क लिने गरेको छ । त्यसमा लाग्ने शुल्क समेत हटाउने विषयमा आफूले छलफल अगाडि बढाउने मन्त्री भट्टराईले बताइन् ।

# निगमको योजनालाई कार्यान्वयनमा ल्याउन निर्देशन



झापा(प्रस) । अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिले वायुसेवा निगमको व्यावसायिक योजनालाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउन सरकारलाई निर्देशन दिएको छ । सिंहदरबारमा बिहीवार बसेको समितिको बैठकले नेपाल वायुसेवा निगमको व्यावसायिक योजनालाई पूर्णरुपमा कार्यान्वयनमा ल्याई सोको प्रगति समितिमा पेस गर्न निर्देशन दिएको हो ।

त्यस्तै बैठकले भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि सम्बद्ध निकायहरूबिच सम्झौता, समन्वय एवं पहलकदमी लिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको छ भने निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई शीघ्र अघि बढाउन निर्देशन दिइएको समिति सभापति राजकिशोर यादवले जानकारी दिए ।

बैठकले पर्यटन मन्त्रालयको समग्र नीतिगत, संरचनागत र व्यवस्थापकीय सुधार गर्न कार्यान्वयन योग्य कार्ययोजना यथाशीघ्र निर्माण गरी समितिलाई जानकारी गराउन समेत निर्देशन दिएको सभापति यादवले बताए । बैठकमा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले कुनै पनि विभागीय कर्मचारीमाथि पूर्वाग्रह नराखी काम गरेको बताए । उनले नेपाल वायुसेवाको विमान सञ्चालन र व्यवस्थापनमा कमजोरी रहेकै कारण घाटामा गएको समेत बताए । नेपाल एयरलाइन्सले समयै विमान उड्छ भन्ने सन्देश दिएको अवस्थामा पहाडी विमानस्थलमा समेत यात्रुको कमी नहुने प्रस्ट पारे । चाइनिज विमान किनेर फस्ने काम भएको यसबारे विस्तृत रूपमा अध्ययन गर्नुपर्ने उनले बताए ।

समिति बैठकले देशका विभिन्न जिल्लामा रहेका निगमको स्वामित्वमा रहेका जग्गा तथा भौतिक संशाधनहरूको उपयोग योजना निर्माण गरी यथाशीघ्र कार्यान्वयन गरी सोको जानकारी उपलब्ध गराउन निर्देशन दिएको छ भने निगममा देखिएका समस्या र सुधारका उपाय अध्ययन गरी एक महिनाभित्र समितिलाई प्रतिवेदन पेस गर्न समिति सदस्य शिशिर खनालको संयोजकत्वमा नेपाल वायुसेवा निगम अध्ययन उपसमिति गठन गर्ने निर्णय गरेको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>त्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । राजनैतिक कार्यमा बाधा

**वृष** बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।सम्पत्ति हराउने र साँझमा खर्च

**मिथुन** आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**कर्कट** रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन्

**कन्या** गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता

**कुम्भ** आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मिन** दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला ।